समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०२/२३ बैठक संख्याः ४३

बैठक प्रारम्भ समयः दिनको १:०० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।

निर्णयहरु

१. खाँदबारी नगरपालिका वडा नं. १ स्थित नवनिर्मित कभर्डहलको नामाकरण सम्बन्धमा श्री हिमालय माध्यमिक विद्यालय, खाँदबारीको स्वामित्वमा रहेको जग्गामा खाँदबारी नगरपालिकाद्वारा निर्मित "सोमनाथ घिमिरे स्मृति कभर्डहल" भनी नामाकरण गर्ने तथा कभर्डहल सञ्चालन, स्वामित्वसम्बन्धी सम्पूर्ण कार्यको लागि कार्यविधि तयार गरी कार्यपालिका समक्ष १५ दिनभित्र प्रतिवेदन पेश गर्न देहायबमोजिम समिति गठन गर्ने।

देहाय :

कार्यपालिका सदस्य श्री निरञ्जन श्रेष्ठ - संयोजक
कार्यपालिका सदस्य श्री भरतकुमार घिमिरे - सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री दीपकमणि घिमिरे - सदस्य
प्रशासकीय अधिकृत श्री दिनेश कट्टेल - सदस्य
जिल्ला खेलकुद विकास समिति कार्यालयको प्रतिनिधि श्री पूर्णकुमार गौली - सदस्य

२. खाँदबारी नगरपालिका वडा नं. १ स्थित बसपार्क सञ्चालनसम्बन्धी कार्यविधि तयार गरी कार्यपालिका समक्ष १५ दिनभित्र प्रतिवेदन पेश गर्न देहायबमोजिम समिति गठन गर्ने।

देहाय :

कार्यपालिका सदस्य श्री विनोद कुमार गुरुङ - संयोजक
प्रशासकीय अधिकृत श्री लवहाङ राई - सदस्य
सङ्खुवासभा उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य
यातायात व्यवसायी संघको प्रतिनिधि - सदस्य

३. खाँदबारी नगरपालिकामा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार अवधि २०८१ बैशाखदेखि लागू हुने गरी २०८१ असार मसान्तसम्म थप गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

४. खाँदबारी नगरपालिका वडा नं. ८ स्थित श्री लोकतन्त्र आधारभूत विद्यालय, रातमाटेलाई सोही वडामा रहेको श्री आदर्श माध्यामिक विद्यामन्दिर, पाठकगाउँमा समायोजन गर्न दुबै विद्यालयको निर्णय, नगर शिक्षा समितिको सिफारिससहित पेश भई आएकोले **सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०७७ को परिच्छेद ४ को नियम ७ (घ) ८ अनुसार श्री लोकतन्त्र आधारभूत विद्यालय, रातमाटेलाई श्री आदर्श माध्यमिक विद्यामन्दिर, पाठकगाउँमा समायोजन (मर्ज) गर्ने।

५. खाँदबारी नगरपालिकाको लागि प्रदेश सशर्त कार्यक्रम अन्तर्गत चालू आ. व. मा बाख्रा श्रोत केन्द्र स्थापना र उखु खेती प्रवर्द्धन तथा सख्खर उत्पादन कार्यको लागि आवश्यक रकम विनियोजन भई आएको तथा उक्त कार्यक्रम कार्यान्वयनको लागि अध्ययन/अवलोकन गरी नगरपालिकाको आर्थिक विकास समितिबाट पेश भई आएको सिफारिस अनुमोदन गरी तपशिल अनुसारको छनौट भएका कृषक/ कृषक समूहसँग सम्झौता गरी उक्त कार्यक्रम कार्यान्वयन गर्ने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

बैठक मितिः २०८१/०२/२३ बैठक संख्याः ४३

बैठक प्रारम्भ समयः दिनको १:०० बजे बैठक समापन समयः बजे

**क. बाख्राको श्रोत केन्द्र स्थापना कार्यक्रमको लागि छनौट भएका लाभग्राहीहरुः**

| क्र.सं. | कृषक/ कृषक समूहको नाम | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री योगराज खड्का | खा.न.पा. १० | ९८१३०६३९५४ | संयुक्त रुपमा कार्यक्रम सञ्चालन गर्ने। |
| | श्री चन्द्रकला तामाङ | खा.न.पा. १० | ९८६३४९७९१८ | |
| | श्री रमेश तामाङ | खा.न.पा. १० | ९८६२२८०९१७ | |
| | श्री सुनिता खनाल | खा.न.पा. १० | ९८०४०७७२९७ | |
| २. | इन्द्र बहादुर खड्का | खा.न.पा. २ | ९८४२२१४६३६ | |
| ३. | जालपादेविथान कृषक समूह (सचिव - सुनिल गुरुङ) (सदस्य - राम बहादुर गुरुङ सदस्य - टंकबहादुर गुरुङ सदस्य - छत्रमाया गुरुङ) | खा.न.पा. ४ | ९८६३४८९३५५ | संयुक्त रुपमा कार्यक्रम सञ्चालन गर्ने। |

**ख. उखु खेती प्रवर्द्धन तथा सख्खर उत्पादन कार्यक्रमको लागि छनौट भएका लाभग्राहीहरु :**

| क्र.सं. | कृषक/ कृषक समूहको नाम | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | कुलबहादुर श्रेष्ठ | खा.न.पा. ९ | ९८४२५१९७७० | मेसिनको लागि छनौट |
| २. | तिरतिरे कृषक समूह | खा.न.पा. १० | ९८०४३४५४१० | मेसिनको लागि छनौट |
| ३. | बिमला थापा | खा.न.पा. ९ | ९८६२०६५२२७ | मेसिनको लागि छनौट |

उखु खेती प्रवर्द्धन तथा सख्खर उत्पादन कार्यक्रमको लागि माथि छनौट भएका लाभग्राही कृषकहरुलाई उखु पेल्ने मेसिन साथै माग तथा आवश्यकता अनुसार अन्य सामाग्रीहरु पनि वितरण गरिनेछ । अन्य आवेदक लाभग्राही कृषकहरुलाई प्रस्ताव आह्वानमा माग पेश भएकोमा आवश्यकता अनुसार उखु खेती तथा सख्खर उत्पादनका सामाग्रीहरु वितरण हुनेछ ।

६. खाँदबारी नगरपालिका, ३ नं. वडा कार्यालयको नवनिर्मित वडा कार्यालय भवन मिति २०८१ जेठ २५ गते नगरप्रमुख श्री महेश थपलियाज्यूबाट समुद्धाटन गर्ने।

७. खाँदबारी नगरपालिकाको चालू आ. व. को लागि वडास्तरीय योजनाको रुपमा विनियोजन भएको रकमलाई वडा समितिको निर्णयबमोजिम २०८१ जेठ २८ गतेसम्म रकम/शीर्षक संशोधन गरी योजना/कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति दिने।

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत